### मटिहानी नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को लागि

# नीति, कार्यक्रम तथा बजेट

| सभामा पेश भएको मिति :- | २०७७।०३।१० |
|---|---|

## मटिहानी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

प्रदेश नं. २, नेपाल

# मटिहानी नगरपालिकाको ऐतिहासिक पाँचौं नगर सभामा नगर प्रमुख श्री हरि प्रसाद मण्डलज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

उपस्थित अतिथितगण, नगर उपप्रमुख तथा सम्पूर्ण सभासदस्य मित्रहरू

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणलीलाई स्थानीय तह देखि सुदृढिकरण गरी नगरपालिकाको समृद्धि र बिकास तर्फ अगाडी बढिरहेकै समयमा कोभिड- १९ नामको कोरोना भाइरसबाट सिर्जित विश्वव्यापी माहामारीले निम्त्याएको चुनौतिपूर्ण परिस्थिति र बन्दाबन्दी बीच आज नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको प्रमुखको रुपमा मटिहानी नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को नीति , कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस गरिमामय पाँचौं नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाँउदा गौरव महसुस गरेको छु ।

यस चुनौतीपूर्ण घडीमा नगरसभालाई सम्बोधन गरिरहँदा म राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, मधेश आन्दोलन र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, मधेश आन्दोलन, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।

यसैबीचमा नगरसभाले नगरसभा सदस्य तथा वडा नं. ३ का वडा सदस्य समेत रहनु भएका जनसेवामा प्रतिबद्ध नेता इलियास कवारीलाई गुमाएको छ । उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

कोभिड-१९ का कारण विश्वभरबाट संकट पैदा हुनुका साथै उल्लेख रुपमा जनधनको क्षति भएको छ । नेपालमा संक्रमण फैलिन नदिन गरिएको बन्दाबन्दीको बीचमा हाम्रो नगरपालिकामा भारतबाट आएका नागरिकहरुमा संक्रमण देखिन थालेको छ । यस माहामारीको कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनुहुने नेपाली लगायत विश्वभरका नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । यस मटिहानी नगरपालिका लगायत नेपालभर र बिदेशमा समेत उपचाररत रहनु भएका सबै नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

संकटको यस घडीमा एकजुट भई माहामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपंक्तिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सवारीचालक लगायत सबैको योगदानको उच्च प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्दछु । हामीले जित्नै पर्ने यो रोग विरुद्धको लडाईमा सबैको थप एक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहेको छ । जिवन रहे

जीवन सुधार्न र सिंगार्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै यस माहामारी विरुद्धको अभियानमा धैयर्तापूर्वक सबैलाई जुट्न आहवान गर्दछु ।

जनताको शासन जनताबाट नै हुने निर्वाचत पद्धती अनुरुप आधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई आफ्नो क्षेत्रको विकासको लागि उपलब्ध साधनको अधिकतम उपयोग, परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित र समान वितरण गर्न, विकासलाई संस्थागत गर्न उत्तरदायित्व एवम् जिम्मेवारी सहितको स्थानीय तहको ब्यवस्था भएको सन्दर्भमा स्थानीय तहहरु, नागरिकहरुलाई सवैभन्दा नजिकबाट सेवा प्रदान गर्ने तथा प्रत्यक्ष र तत्काल लाभको अनुभूति दिने, विकास निर्माणका योजना तथा कार्यक्रम संचालन गर्ने, स्थानीय नीति नियम निर्माण गर्ने, नियमन गर्ने स्थानीय सरकारको रुपमा रहेको छ ।

समृद्ध मटिहानी सुखी मटिहानी बासीको आकांक्षा पुरा गर्न कोभिड- १९ माहामारकि कारण समग्र आर्थिक, सामाजिक पक्षमा परेको प्रतिकुलता समेतलाई दृष्टिगत गर्दै सहभागितामुलक योजना तर्जुमाको चरणहरु पारगरी राजनीतिक दलका प्रतिनिधी, बौद्धिक ब्यक्ति लगायतका सरोकारवाला सबै निकाय, ब्यक्ति, संघ संस्थाको घनिभुत छलफलवाट प्राप्त सुझावलाई मनन गर्दै हामीले आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

**बजेट नीति तथा कार्यक्रम तर्जुमाका निम्न आधारहरु लिएका छौं ।**

१. नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका बिभिन्न प्रतिबद्धताहरु ।

२. नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु ।

३. संघीय सरकारले अंगीकार गरेको पन्ध्रौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु ।

४. नेपालको संबिधनको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली ।

५. नेपालको संबिधानको अनुसुचि ८ बमोजिम कर लगाउन पाउने क्षेत्र ।

६. स्थानीय सरकार संचालन ऐन, २०७४ ।

७. राजश्व परामर्श समितिको प्रतिवेदन ।

८. श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान सिफारिस ।

९. नेपाल सरकारको बार्षिक बजेटको सिद्धान्त, उदेश्य र प्राथमिकता ।

१०. दिगो बिकासका लक्ष्यहरु ।

११. रणनीतिक योजना तथा क्षेत्रगत गुरुयोजनाहरु ।

१२. बिषयगत समितिका प्रतिवेदनहरु ।

१४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ।

१५. मन्त्रालयले बिभिन्न समयमा गरेका बिभिन्न परिपत्र तथा निर्देशनहरु ।

१६. बस्ती स्तर तथा वडाबाट सिफारीस भई आएका प्राथमिकता प्राप्त योजनाहरु ।

नगर सभाका सदस्यज्यूहरु

अब म मटिहानी नगरपालिकाको आर्थिक बर्ष आ.व. २०७७/७८ को प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १ आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

### १.१ कृषि तर्फ

- कृषि उत्पादन बढाउन आधुनिक खेती प्रणाली अवलम्बन गर्दै आधुनिक कृषि औजार प्रविधी र उन्नत जातको वीउ विजन र मालखाद समेतको व्यवस्थापन गरिने छ ।
- साविक धिरापुर गा.वि.स.लाई अर्गेनिक कृषि उत्पादन केन्द्रको पकेट क्षेत्रको रुपमा विकास गरी मटिहानी, सिमरदही र मभौरा विसनपुरलाई तरकारी र माछा उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- कृषि संभाब्य रहेको क्षेत्रलाई कृषि प्रवर्द्धन कार्यक्रम मार्फत क्षेत्र विकास गरिने छ ।
- एक वडा, एक उत्कृष्ट कृषि फार्म निर्माणको नीति लागु गर्न उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरी प्रोत्साहन गरिने छ ।
- मटिहानीको चिनारीको रुपमा रहेको उत्पादनलाई व्यवसायीकरण गरी आय आर्जन बढाउने नीति लिइने छ ।
- नगरपालिकामा बसोबास गर्ने सबै नागरिकको खाध सुरक्षाको प्रत्याभूति गरिने छ । "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन " भन्ने प्रतिवद्धता पुरा गर्न सबै तहका ससकार बीच सहकार्य गरी बहु-आयमिक कृषि उत्पादनमा जोड दिदैं नगरपालिकालाई खाधनान्नमा आत्मनिर्भर बनाइनेछ ।
- स्थानीय सरकारको पहिलो प्राथमिकता कृषकको घरदैलोमा प्राविधिक सेवा भन्ने उदेश्यलाई कार्यान्वियन गर्न प्राविधिक जनशक्तिको व्यवस्था मिलाइने छ ।
- कृषि तथा पशुपंक्षी विकास सम्बन्धी प्राविधिक सेवाको पहुँच विस्तार गरिनेछ । कृषि व्यवसाय गर्न चाहने कृषकलाई बीउविजन, कृषि औजार, प्रविधि सम्बन्धी तालिम दिइनेछ ।

- नगरपालिका भित्र रहेका बाँझो जग्गाको लगत संकलन गरी उपयोग गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- बैदेशिक रोजगारीलाई कम गर्न कृषि, पशुपालन र उद्योग ब्यवासहरुको ब्यवसायीकरण गर्न बिशेष प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१.२. उद्योग तथा बाणिज्य तर्फ**

- नगरवासिको आय आर्जन बृद्धिकोलागि शिप विकास तालिम र स्वरोजगार कर्जा तथा लघु उद्यम र उद्यमशिलता विकासमा जोड दिईने छ ।
- सुलभ तथा सुपथ बजार ब्यवस्थापनको नीति लिइनेछ ।
- युवा उद्यमीहरुलाई पर्यटन ब्यवसाय, आधुनिक कृषि ब्यवसाय, पशुपालन, घरेलु उद्योग लगायतका ब्यवसायिक कार्यमा संलग्न हुनेलाई प्रोत्साहन गरिनेछ ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिइनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उधोगको स्थापना गर्न प्रोत्साहन दिइनेछ ।

**१.३. पर्यटन तर्फ**

- आन्तरिक तथा वाहय पर्यटनलाई बढावा दिन यस नगरभित्रका मठ मन्दिर तथा मस्जिदहरुलाई पर्यटकयि स्थलको रुपमा विकास गर्नका लागि प्रचार प्रसार लगायत थप संस्कृति झल्काउने भौतिक पूर्वाधारहरुको विकास गरिनेछ ।
- मटिहानी नगरपालिका प्रवेश गर्ने स्थानहरुमा कलात्मक शैलीको प्रवेशद्धार गेटहरुको निर्माण गरि राष्ट्रिय स्तरको पर्यटकीय स्थलको रुपमा विकास गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- मटिहानी बाजार क्षेत्र भित्र एक घण्टाघर र पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- कम्तिमा एक वडा एक सुन्दर पोखरी र एक पार्क क्रमशः निर्माण गरिनेछ । शिक्षा, मनेरञ्जन र पर्यटन सहितलाई टेवा पुग्ने गरि नगर बाल उद्यान स्थापना गरिने छ ।
- स्थानीय भाषा, साहित्य, कला र मौलिक संस्कृतिको संरक्षण र सम्बर्द्धनमा निरन्तर जोड दिइनेछ ।

**२.सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु**

**२.१.शिक्षा तर्फ**

- मटिहानी नगरपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गरिने छ ।

- शैक्षक सूचाङ्क, सिकाई उपलब्धी, शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता, पारदर्शी लेखा प्रणाली समेतका आधारमा उत्कृष्ट बिधालयहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ । मापदण्ड एवं गुणस्तरमा कमजोर विधालयहरुलाई गुणस्तर सुधारका लागि कडा नियमन गरिनेछ ।
- सामुदायिक तथा संस्थागत बिधालयका शिक्षकहरुको आचार संहिता(Code of Conduct) बनाई लागू गरिनेछ ।
- मटिहानी नगरपालिका क्षेत्रभित्रका सामूदायिक बिधालयमा दलित, विपन्न, गरिब, अपाङ्ग, असहाय तथा शहिद परिवारका जेहेन्दार बिधार्थीहरुको लागि नगर प्रमुख छात्रवृत्ति पुरस्कारको व्यवस्था गरिनेछ ।
- पर्याप्त भौतिक पूर्वाधार नभएका सामूदायिक बिधालयहरुलाई प्राथमिकताको आधारमा भौतिक रुपमा सुदृढिकरण गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालित सामूदायिक सिकाई केन्द्र, मटिहानीको व्यवस्थापन, संरक्षण, सम्बर्द्धन र सञ्चालनमा बिशेष जोड दिइनेछ ।
- बिधालयको वातावरण हरियाली बनाउन बिधालय हाताभित्र बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यकता अनुसार नगरक्षेत्र भित्र मदरसा र गुरुकुल शिक्षाको विकासमा पहल गरिनेछ ।
- नेत्रहीन, सुस्त श्रवण, सुस्तमनस्थिति लगायत अपांगता भएका बच्चाको विशेष शिक्षा दिने एक मात्र विधालय मटिहानीलाई व्यवस्थित गरिने छ ।
- एक वडा एक पुस्तकालयको स्थापना गर्ने, संस्थागत विधालयहरुलाई व्यवस्थित र निमयमन गरिने छ ।
- मटिहानीमा स्नातक तह सम्म कक्षा संचालन गर्न विशेष पहल गरिने छ ।
- नगरका सबै विद्यालयमा सुचना प्रबिधिको प्रयोगद्धारा कक्षा संचालन गर्ने प्रकृयाको सुरुवात गरिने छ ।
- सामुदायिक विद्यालयमा शिक्षक बिद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरिने छ । यसले शिक्षामा थप गुणस्तर बृद्धि हुने आशा राखेका छौ ।
- ५ बर्ष मूनिका बाबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रभित्रका सबै विधालयहरुलाई एकै प्रकारको रङ्गरोगन गर्न लगाईनेछ ।
- नगरस्तरीय अतिरिक्त क्रियाकलाप(खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला, संगीत आदि) सञ्चालन गरिनेछ ।
- प्रत्येक बिधालयबाट कम्तिमा एक जना शिक्षकलाई ICT सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

- नगरलाई पूर्ण साक्षर नगर घोषणा गर्न सम्बन्धित सरोकारवाला निकायसंगको सहकार्य र समन्वयमा पहल गरिनेछ ।
- हाल लकडाउनको कारणले बिधालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाइन्छ ।

## २.२.स्वास्थ्य तर्फ

- नगर क्षेत्र भित्रका सबै नगरबासीको निःशुल्क औषधी उपचारको व्यवस्था गर्न स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरी सरकारी अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गरिनुको साथै बिपन्नहरुलाई सहयोग गर्ने नीति लिईने छ ।
- स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्ने तथा बिपन्न वर्गका मानिसलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ ।
- आवश्यक दक्ष जनशक्ति, ल्याबको उपकरण र औषधी सहितको नगर स्वास्थ्य केन्द्रको स्थापना गरी संचालन गरिने छ ।
- स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तर्गत संस्थागत सुधार र क्षमता विकासलाई जोड दिइने छ ।
- बहुक्षेत्रिय पोषण योजनालाई शसक्त रुपमा कार्यान्वयन गरिने छ ।
- कोभिड-१९ लगायतका महामारी रोगहरुको नियन्त्रणमा बिशेष ध्यान दिइने छ ।
- स्वास्थ्य शिक्षा लगायतका शिक्षा सरकारी र गैरसरकारी साझेदारीमा संचालन गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा एम्बुलेन्सको ब्यवस्था गर्न पहल गरिने छ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढंगले उपलब्ध गराइनेछ ।
- प्रत्येक वडा तहमा स्वास्थ्य जाँच(घुम्ती शिविर) अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
- घर-घरमा परामर्श, टोल-टोलमा महिला स्वयंसेविका कार्यक्रम सञ्चालन गरी महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु.१,०००।- (एक हजार) का दरले प्रति महिना प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।
- मटिहानी नगरपालिकालाई यसै वर्ष पूर्ण खोप सुनिश्चतता दिगोपना कार्यक्रम सञ्चालन गरिनेछ ।
- खोपसंग मेयर कार्यक्रम सञ्चालन गरिनेछ ।
- बर्थिङ्ग सेन्टर सेवालाई विस्तार गरी मातृ र नवजात शिशुको मृत्युदरमा कमी ल्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपाङ्ग तथा ज्येष्ठ नागरिक मैत्री संस्था बनाइनेछ ।

- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह जस्ता संघ संस्थाहरुको परिचालन गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईनेछ ।
- कोभिड-१९ को व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आंकलन गरी क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्यांक सम्प्रेसन, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई सुरक्षा सामग्रीको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

**२.३. खानेपानी तथा सरसफाई**

- मटिहानी नगरबासीले स्वच्छ पिउने पानी पिउन पाउनुपर्ने अधिकारको सम्मान गर्दै खानेपानी उपलब्ध गराउन नगरपालिका क्षेत्र भित्र निर्माणाधिन अवस्थामा रहेका खानेपानी आयोजनाहरुलाई तदारुकताकासाथ सञ्चालनमा ल्याइनेछ ।
- मटिहानीका ९ ओटै वडामा स्वच्छ खानेपानीको सुलभ उपलब्धता गराईने छ ।
- एक घर एक खानेपानी पाइपको लागि बिस्तृत कार्ययोजना अघि बढाईने छ ।

**२.४. समाबेशिकरण/ गरिबी निवारण तथा कला संकृतितर्फ**

- लक्षित समुह मैत्री विविध योजनाहरु संचालन गरिने छ ।
- युवाहरुमा सिर्जनात्मक क्षमताको विकास गरी सीपमुलक र व्यवसायीक तालिम मार्फत स्वरोजगार सिर्जना गरिने छ ।
- मटिहानी नगरभित्रका महिलालाई व्यवसायिक र सीपमुलक बनाउन एक महिला एक सीपको नीति लागु गरिने छ ।
- महिलाद्धारा संचालित घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- बाल अधिकारको राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिलाई पूर्ण पालना गराइने छ ।
- महिला हिंसा तथा बालबिवाहको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- नगर क्षेत्र भित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गरिने छ ।
- बालबालिकाहरुको व्यक्तित्व विकासका लागि बाल विवाह, दहेज/दाइजो प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनीकरण गरीने छ । यसका लागि Child profile तयार गरी कार्यान्वयनमा लगिने छ ।
- सामुदायिक विधालयहरुमा महिला र छात्राहरुको लागि स्यानीटरी प्याड उपलब्ध गराइने छ ।

- बाल मैत्री, पूर्ण खोप, पूर्ण साक्षरता, पूर्ण घटना दर्ता नगर घोषणा गर्न कायक्रम संचालन गरिने छ ।
- बाल विकास केन्द्रलाई आवश्यक पाठ्यसामग्री उपलब्ध गराइने छ ।
- युवालाई तालिम दिंन उद्यमशिलता विकास कार्यशाला स्थापना गरिने छ ।
- महिला जनजाती र विपन्न वर्गको शसक्तिकरण तालिम अन्तर्गत लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।
- मानब अधिकारको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक व्यवस्था गरिने छ ।
- बालवालिका, महिला, किशोर किशोरी, अपांग, जेष्ठ नागरिक तथा एकल महिला,जनजाती र अल्पसंख्यक सम्बन्धी नीति निर्माण गरि शसक्तिकरण गरिने छ ।
- लक्षित वर्गको लागि शसक्तिकरण सम्बन्धी गोष्ठी/तालिमहरु संचालन गरिने छ ।

**२.५.खेलकुद तर्फ**

- मटिहानी नगरपालिका ७ मा निर्माणाधिन रहेको खेल मैदानलाई सुविधा सम्पन्न रंगशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- मेयर क्रिकेट प्रतियोगितालाई आ.व.२०७७।७८ देखि प्रत्येक वर्ष निरन्तरता दिईने छ ।
- बालमैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्दै अघि बढिने छ ।
- फुटवल ,भलिवल, क्रिकेट, व्याडमिन्टन लगायतका खेललाई प्रोत्साहन गर्न नगरस्तरीय खेलकुद संघ स्थापना गरिने छ ।
- नगरस्तरीय खेलकुद संघ मार्फत वडा वडामा रहेका खेलाडीहरुलाई ब्यावसायीक बनाउने नीति अंगिकार गरिने छ , साथै एक वडामा न्युनतम एक खेल मैदान निर्माण गरिने छ ।

**३ पूर्वाधार विकाससम्बन्धि नीति तथा कार्यक्रमहरु**

**३.१ सडक तथा पुल यातायात, बिद्युतिकरण तर्फ**

- नगर क्षेत्र भित्रका अत्यावश्यक भएको स्थानमा हयूमपाइप, कल्भर्ट तथा जैविक तटबन्ध योजनाको अवस्था हेरि निर्माण गरिनेछ ।
- मटिहानी नगर क्षेत्रभित्र समेटिने गरी नगर चक्रपथ निर्माण कार्यको पहल गरिनेछ ।
- नगर भित्र नगर बस सञ्चालन गर्न सुचारु भएका सडकहरु मुख्य प्राथमिकतामा राखिने छ ।
- नेपाल सरकार, नगरपालिका, प्रदेश सरकार तथा निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठुला पुर्वाधार निर्माण कार्य संचालन गरिने छ ।
- कार्यालयको जग्गा र भवनको लागि आवश्यक पहल अगाडी बढाइने छ ।

- सूचना तथा सञ्चारको विकासका लागि नगरका सबै वडामा द्रुतगतिको इन्टरनेट सुविधा उपलब्ध गराइने छ ।
- प्रारम्भिक चरणमा सहरी क्षेत्रमा र क्रमश नगर भित्रका ग्रामिण क्षेत्रभित्र समेत फ्रि वाइफाइ जोन (Free Wifi Zone) बनाईने छ ।
- मटिहानी नगरपालिकामातहतका सबै कार्यालयलाई सुचना प्रविधियुक्त बनाईने छ ।

**४.वातावरण तथा विपत ब्यवस्थापनसम्बन्धि नीति तथा कार्यक्रमहरु**

- राष्ट्रिय भू उपयोग पूर्वाधार नीति अबलम्बन गरी जमिनलाई उत्पादन मुलक कार्यमा प्रयोग गरीने छ ।
- बिपत पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरि लागु गरिने छ ।
- स्थानीय बिपत जोखिम न्युनीकरण योजना तर्जुमा गरि कार्यान्वियन गरिने छ ।
- सार्वजनिक पोखरीको स्तरोन्नति गरी संरक्षण गरिनेछ ।
- खुल्ला क्षेत्र ( Open Space ) प्रत्येक वडामा राखिनु पर्ने हुन्छ ।
- जलवायु परिवर्तनबाट पर्ने नकरात्मक असरहरु न्यूनिकरणको लागि आवश्यक ब्यवस्था गरिने छ । साथै जलबायु परिवर्तनको असरहरुलाई अवसरको रुपमा परिवर्तन गर्न आवश्यक ब्यवस्था गरिने छ ।
- नगर भित्रका नदिका कारण जनताले भोग्नु परेको समस्याहरुलाई न्यूनिकरण गर्न प्रक्रिया अघि बढाईने छ ।
- नेपाल सरकार संग वारुण यन्त्र उपलब्ध गराउन विशेष अनुरोध गरिने छ ।
- नगरपालिका भित्रका सार्वजनिक पोखरी र बजारलाई नगरपालिकामा केन्द्रिकरण गरिने छ साथै सार्वजनिक जग्गाहरुको लगत संकलन गरी संरक्षण गरिने छ ।
- ४.१ फोहोरमैला ब्यवस्थापन तर्फ
- नगर भित्रको फोहोरलाई ब्यवस्थापन गर्ने कार्यको निरन्तरता दिइनेछ ।
- घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टीटन्की निर्माण कार्यलाई अनिवार्य गरिनेछ ।
- सबै वडामा व्यवस्थित शौचालय निर्माणलाई प्राथमिकता दिंदै स्वच्छ सफा नगर बनाउने र आवश्यकता पहिचान गरि बिभिन्न स्थानमा साझेदारीको आधारमा सार्वजनिक शौचालयहरु समेत निर्माण गरि संचालनमा ल्याइने छ ।
- नगरपालिकामा निर्माणधिन पशु बधशालाको ब्यवस्थापन गरिने छ ।
- नगरभित्रको मुख्य तथा सहायक सडकका दाँयाबायाँ अनिवार्य रुपमा हरिया बोट बिरुवा लगाइने छ ।

- हरित नगरलाई प्रवर्द्धन गर्न बजारका प्रत्येक ब्यासायीहरुले आफ्ने ब्यावसायिक भवन तथा ब्यावसायिक कोठा अगाडी अनिवार्य दुईओटा गमलामा बिरुवा रोप्न लगाईने छ ।
- फोहोरलाई उचित स्थान (Land feild Side) पहिचान गरी ब्यवस्थापन गरिने छ ।
- फोहोर मैला संचालन विनियमावली /कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरु

- सेवाग्राहीको काम छिटो छरितो, सुलभ र झन्झट मुक्त बनाइने नीति लिएको छ ।
- नगरपालिका अन्तर्गतका सबै कार्यलयहरु सेवाग्राहीमैत्री बनाइने छ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गैर कानूनी काम गर्नेलाई कानून अनुसार कारवाहीको ब्यवस्था गरिने छ ।
- कर्मचारी ब्यवस्थापन कार्यबिधि तयार गरि लागु गरिने छ ।
- मटिहानी नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरु र वडा सचिवहरुले कार्यालय समय भन्दा अघि पछि काम गरेवापत अतिरिक्त भत्ताको ब्यवस्था मिलाईने छ ।
- मटिहानी नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई संघीय तथा प्रदेश सरकारको प्रचलित कानुन बमोजिम बढुवा प्रक्रिया अगाडि बढाइने छ ।
- कर्मचारीको क्षमता विकास अभिबृद्धि र प्रोत्साहनको लागि आवश्यक ब्यवस्था गरिने छ यसकालागि प्रतिफल युक्त अवलोकन भ्रमणको ब्यवस्था गरिने छ ।
- नगरपालिकाको सम्पूर्ण सेवालाई महिला, बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै नगरबासी जनतालाई सूचनाको हक अधिकारको पुर्णरुपमा प्रत्याभुति दिलाइने छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्न तालिमको ब्यवस्था गरिने छ
- नगर प्रहरी निर्माण गरी नगरको सुरक्षा थप मजबुद बनाइने छ ।
- गुनासो तथा सुझाव पेटिकाको प्रभावकारी कार्यान्वयन गरिने छ ।

## ६. बित्तिय ब्यवस्थापन तथा सुशासनसम्बन्धि नीति तथा कार्यक्रमहरु

- करदाताको विवरण अध्यावधिक गरिने छ ।
- करको दायरालाई फराकिलो बनाइने छ । कर प्रणालीमा सुधार गरी राजश्व परिचालनलाई प्रभावकारी बनाइने छ ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासंग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिने छ ।

- कर अभियान र कर साक्षरता जस्ता कार्यक्रम संचालन गरिने छ साथै बित्तिय अनुशासनलाई जोड दिइने छ ।
- भ्रष्टचारमा शुन्य सहनशिलता निति अवलम्बन गरिने छ ।
- योजना तथा कार्यक्रमको समयमानै सार्वजनिक परिक्षण गरिने छ ।
- अन्तिम लेखा परिक्षण तथा बेरुजु फछर्योट कार्यलाई समयमानै सम्पादन गर्न पेश्की तथा बेरुजु फछर्योट कार्यलाई तिब्रता दिईने छ र पुराना बेरुजु फछर्योटका लागि आवश्यक ब्यवस्था मिलाइने छ ।
- समय समयमा सार्वजनिक सुनुवाईको ब्यवस्था मिलइने छ ।
- सामाजिक सुरक्षा भत्ता वैंकिङ प्रणाली मार्फत वितरण गर्न अनलाईन सिस्टमको व्यवस्था पूर्ण रुपमा लागु गरिने छ ।
- नगरपालिका र नगरपालिकाका प्रत्येक वडाहरुमा नागरिक वडा पत्र राखी स्तरोन्नती गरिने छ ।
- बढी कर तिर्नेलाई सम्मान गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्र भित्र संचालित बैंक तथा बित्तिय संस्थाको अनुगमन गरिने छ ।
- नगरपालिका वाट संचालन हुने कार्यक्रम तथा योजनाहरुमा शून्य पेश्कीको सिद्धान्त अवलम्वन गरिने छ ।

## ७. मटिहानी नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ निति तथा कार्यक्रमहरुः

- स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममूलक आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।
- युवा रोजगारीका लागि रुपान्तर पहल आयोजना तथा पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।
- **आफनो माटो चिनौ, आफनो गाउँ बनाऔं स्वालम्बन अभियान** संचालन गरी युवाहरुलाई रोजगारीको अवसर पहिचानमा सहजीकरण गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिनको लागि प्रत्येक वडामा कम्तिमा पाचँ लाख बराबरको बजेट व्यवस्थापन गरिनेछ ।
- नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानिय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुबाट नै लगाइने व्यवस्था गरिनेछ ।

- एक करोड भन्दा कम बजेटका योजनाहरुमा हयाभि इक्युपमेन्टको प्रयोगमा पूर्ण रुपमा रोक लगाई रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाइने व्यवस्था गरिनेछ ।
- बेरोजगार र रोजगारका संभावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शांकन कार्य अघि बढाइनेछ ।
- बेरोजगारहरुको ज्ञान, सिप, योग्यता, अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सिप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिश गरिनेछ ।
- दक्ष र सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवद्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई तालिम दिइनेछ ।
- संघ तथा प्रदेश सरकारले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- स्थानिय तहमा रोजगारी श्रृजना गर्न सरोकारवाला निकाय र निजी,सरकारी तथा गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
- युवा तथा शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखी रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- श्रमसम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्र इत्यादिबाट रोजगारी श्रृजना गरिनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।
- नगरपालिकाका नगरस्तरीय तथा वडास्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई परिचालन गर्न योजनाको कुल रकमको कम्तिमा १० प्रतिशत रकम श्रमिकको ज्यालाको लागि छुट्याइनेछ ।
- भारत तथा वैदेशिक रोजगारबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्यमशिलता विकास गराउन विउँ पूजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस नगरपालिकाको निति हुनेछ ।
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना, कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरुसँग साझेदारीका लागि पहल गरिनेछ ।

सभाका सदस्य ज्यूहरु

उल्लेखित नीति, कार्यक्रम कार्यान्वयनको लागि आर्थिक वर्ष २०७७/०७८ का लागि प्रस्तावित बजेटको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि.नं. | शीर्षक | आ.व.२०७७।०७८ को अनुमान |
|---|---|---|
| १ | राजश्व बाँडफाँडबाट प्राप्त रकम(संघीय सरकार) | ६,८६,२४,०००।- |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त रकम(प्रदेश सरकार) | ३४,१८,०००।- |
| | **संघीय सरकार** | |
| ३ | १३३११ समानीकरण अनुदान | १०,८७,००,०००।- |
| ४ | १३३१३ शसर्त अनुदान पुँजिगत | १३,४६,००,०००।- |
| ५ | १३३१५ बिशेष अनुदान पुँजिगत | १,७५,००,०००।- |
| ६ | १३३१७ समपुरक अनुदान पुँजिगत | १,६०,००,०००।- |
| | **जम्मा:-** | **२७,६८,००,०००।-** |
| | **प्रदेश सरकार** | |
| ७ | २६३३१ वित्तिय समानकिरण | ७१,५४,०००।- |
| ८ | २६३३२ सशर्त अनुदान | ८०,००,०००।- |
| ९ | २६३३३ बिशेष अनुदान | ३०,००,०००।- |
| १० | २६३३४ समपुरक अनुदान | २०,००,०००।- |
| | **जम्मा:-** | **२,०१,५४,०००।-** |
| ११ | सडक बोर्ड | २५,००,०००।- |
| १२ | तराई मधेश समृद्धि कार्यक्रम | ४३,००,०००।- |
| १३ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण कार्यक्रम | ३८,००,०००।- |
| | **जम्मा:-** | १,०६,००,०००।- |
| | **आन्तरिक श्रोत** | |
| १४ | ११३१४ - भूमिकर/मालपोत | २,००,०००।- |
| १५ | ११३२१ - घरवहाल कर | १,००,०००।- |
| १६ | ११३२२ - व्रहाल विटौरी.कर | ४८,००,०००।- |
| १७ | ११६९१ - अन्य कर | १,००,०००।- |
| १८ | ११४७२ - विज्ञापन कर | २५,०००।- |
| १९ | १४१५१ - सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १२,००,०००।- |
| २० | १४२२१ - न्यायिक दस्तुर | २५,०००।- |
| २१ | १४२२४ - परीक्षा शूल्क | ३०,०००।- |
| २२ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५,००,०००।- |
| २३ | १४२४२ - नक्सापास दस्तुर | ५,००,०००।- |
| २४ | १४२४३ - सिफारिश दस्तुर | १०,००,०००।- |
| २५ | १४२४४ - व्यक्तिगत घटना दस्तुर | ६०,०००।- |
| २६ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५०,०००।- |
| २७ | १४२४९ - अन्य दस्तुर | १,००,०००।- |
| २८ | १४५२९ - अन्य राजश्व | ५०,०००।- |
| २९ | १४६११ - व्यवसाय कर | १,००,०००।- |
| | **जम्मा:-** | **८८,४०,०००।-** |
| ३० | ३२१२१ - गत बर्षको मौज्जात | **३,००,००,०००।-** |
| | **कुल जम्मा-** | **४१,८४,३६,०००।-** |

यसरी मटिहानी नगरपालिकाको अगामी आर्थक वर्ष २०७७/०७८ को लागी कुल बजेट रु. एकचालिस करोड चौरासी लाख छत्तिस हजार विनियोजन गरेको छु ।

वडा समितिहरुको प्रशासनिक तथा साधारण खर्च रकम रु. ५,००,०००।- का दरले रु. ४५,००,०००।- विनियोजन गरिएको छ भने बस्ती तथा वडा स्तरबाट छनौट भई आउने योजना सञ्चालन समेत गरी वडा समितिको पुँजिगत खर्च तर्फ रकम रु. ६७,००,०००।- का दरले रु. ६,३०,००,०००।- (छौं करोड तीस लाख) तथा चालु आ.व.मा सम्पन्न हुन नसकेका योजनाहरुलाई आगामी आ.व. ०७७।०७८ मा सम्पन्न गर्न सोही अनुसार बजेट विनियोजन गरिएको छ । साथै अन्य विभिन्न विषयगत निकाय तथा साझेदारहरुबाट प्राप्त बजेट पनि प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

**आदरणीय उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,**

नगरपालिकाले आर्थिक बर्ष २०७७/०७८ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभामा पेश भई सभाले स्वीकृत गर्ने हुँदा सारांश मात्रै प्रस्तुत गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु । नीति, कार्यक्रम तथा बजेटको दस्तावेज तयार गर्नु आफैंमा महत्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहँदैन । तसर्थ नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाइने छ । त्यसको लागि सम्वद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ । नगरपालिकाले आम नगरबासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गररेको व्यहोरा समेत सम्मानीत कार्यक्रममा राख्न चाहन्छु ।

**अन्तमा,**

पाँचौं नगर सभाको तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने कर्मचारीहरु, वडा अध्यक्ष, वडा समिति, कार्यपालिका सदस्य, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नुभएका सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दै बजेट सारांश प्रस्तुति यहीं अन्त्य गर्दछु ।

जय मटिहानी । जय मटिहानीवासी जनता ।।

**धन्यवाद ।**

हरि प्रसाद मण्डल
नगर प्रमुख

१० असार २०७७ साल